
INTERNATIONAL RIVERS
PEOPLE · WATER · LIFE



# नदी संरक्षणका लागि सामुदायिक निर्देशिका– नदीका अधिकार

मङ्सिर २०७८

**इन्टरनेश्नल रिभर्सका बारेमा**

इन्टरनेश्नल रिभर्सले नदीहरूको संरक्षण तथा नदीमा आश्रित समुदायहरूको अधिकारको प्रतिरक्षा गर्दछ। हामी स्वस्थ नदी तथा स्थानीय नदीमा आश्रित समुदायहरूको अधिकारलाई महत्व दिइने तथा संरक्षण गरिने विश्वको निर्माण गर्ने प्रयास गर्छौं। हामी प्रकृतिको दोहन नहुने वा गरिबी नबढ्ने गरी जल तथा ऊर्जासम्बन्धी आवश्यकता पूरा भएको र आफ्नो जीवनमा प्रभाव पार्ने निर्णयहरूमा सहभागी हुने पाउने अधिकार मानिसहरूसँग भएको विश्वको परिकल्पना गर्दछौं।

यो प्रतिवेदन  इन्टरनेश्नल रिभर्सले मङ्सिर २०७८मा प्रकाशित गरेको हो।

**लेखक :** सब्रिना के ग्योरभेरी
**डिजाइन तथा साजसज्जा :** एस्पायर डिजाइन।
**अनुवादः** सुरथ गिरी र निकुञ्ज भण्डारी, नेपाल ल्याङ्गवेज एण्ड रिसर्च सोलुसन्स्, काठमाडौं
**आवरण तस्वीर :** आयशा डिसूजा/इन्टरनेश्नल रिभर्सले

३४४ २० औँ सडक,
अकलेण्ड क्यालिफोर्निया ९४६१२, संयुक्त राज्य अमेरिका
टेलिफोन : ' १ ५१० ८४८ ११५५
www.internationalrivers.org

अस्वीकरण: यो दस्तावेजमा व्यक्त गरिएका विचार तथा दृष्टिकोण ट्रोसा कार्यक्रमकै हुन् भन्ने छैन।



**“हामी नदीलाई हाम्रो इतिहासको प्रतिनिधित्व गर्ने हाम्रा पुर्खाहरू र उहाँहरूका सम्झनाहरू बोक्ने जीवित अस्तित्वको रूपमा हेर्छौं ।”**

जेफ्री हिपाङ्गो,
माओरी समुदायका अगुवा, न्यूजील्याण्ड[2]

2 The Atlantic. 2019, April 22. New Zealand’s Maori Won Personhood for This River. Video, youtube.com/watch?v=YQZxRSzxhLI

## स्वस्थ नदीहरू पृथ्वीमा जीवनको लागि आवश्यक छन् । पृथ्वीको प्राकृतिक जलचक्रलाई कायम र ाख्दै बग्ने नदीहरूको बहावले हाम्रो ग्रहमा रहे का प्रजातिहरूको अद्‌भुत विविधतालाई सहयो ग गर्दछ । नदीहरूले सिमसारका लागि पानी उपलब्ध गराउँछन्, महासागरहरूमा जीवन दिने पोषक तत्वहरू पुऱ्याउँछन्, र जीवनले भरिएको नदी डेल्टा अर्थात् नदी मुखभूमिमा थिग्रो/तलछटहरू बगाएर ल्याउँछन् ।

तर अहिले पृथ्वीका नदीहरू मृत हुँदै गइरहेका छन् । पहिलेको भन्दा छिटो दरमा आज मानिसले बिजुली र सिँचाइको लागि ठूला बाँधहरू निर्माण गर्दैछन्, नदीको पानी खेती जमिन र शहरहरूमा घुमाउँदैछन्, र खानेपानी, खेती र उद्योग कलकार खानाका लागि उपयोग गर्न जमिनको पानी पम्पको सहायताले निकाल्दैछन् । विश्वका धेरै नदीहरू अहिले पूरै सुख्खा भइसकेका छन् । हाम्रा बाँकी नदीहरू खेतबाट बग्ने र कारखाना एवम् शहरहरूबाट निस्कने फोहोर र ढलले गर्दा जीवन्त रहन चाहिने अक्सिजनको आपूर्ति बन्द भएर निसास्सिरहेका छन् । गएको शताब्दीमा मात्रै आधाजति सिमसार क्षेत्र नष्ट भइसकेका छन् भने सन् १९७० को दशकको मध्यदेखि विश्वको जलीय पारिस्थितिकीय प्रणाली– अर्थात् महासागर, ताल र नदीहरूले आफ्नो जैविक विविधताको आधा हिस्सा गुमाइसकेको छ । हालैको संयुक्त राष्ट्र सङ्घको एक अध्ययनले लाखौं जनावर र वनस्पति प्रजातिहरू अब लोप हुने र कतिपय त केही दशकहरूभित्रै हराउने चेतावनी दिएको छ ।[2]

यो अवस्थालाई वातावरणअनुकूल बनाउन ढिलो भइसकेको छैन । हामी हाम्रा सबैभन्दा आधारभूत लक्ष्य र मूल्यहरूलाई पुनर्विचार गरेर, अनि व्यक्ति र समाजको रूपमा हामीले प्रकृतिसँग गर्ने अन्तर क्रियाका तरिकालाई परिवर्तन गरेर हाम्रा नदीहरू र तिनीहरूले भरणपोषण गर्ने जीवनलाई विनाश हुनबाट रोक्न सक्छौं । प्रकृतिको अधिकार भनेको एउटा विचार, एउटा सोच हो जसले हामीलाई प्रकृति मानव सम्पत्ति मात्र होइन, यसको आफ्नै आधारभूत अधिकारहरू पनि हुन्छ भन्ने कुरा पहिचान गराउदै एउटा समाधान प्रदान गर्दछ । प्रकृतिको अधिकार भन्ने दृष्टिकोण अपनाएर हामीले प्रकृतिको हितको रक्षा गर्नेगरी हाम्रो कानूनी प्रणालीलाई रूपान्तरण गर्न सक्छौं ।

प्रकृतिलाई कानूनी हैसियत दिनको लागि हाम्रा कानूनहरू परिवर्तन गर्दा प्रकृतिको अधिकारलाई कानूनी अदालतमा प्रत्यक्ष रूपमा रक्षा गर्न सहयो ग गर्नेछ । प्रकृतिको अधिकारको एउटा हिस्साको रूपमा नदीहरूको अधिकारसम्बन्धी अभियानले सबै नदीहरू जीवित अस्तित्व हुन् र ती सबै मौ लिक अधिकारहरूको लागि हकदार छन् भन्ने घो षणा गर्दछ ।

नदीहरूको अधिकारसम्बन्धी विश्वव्यापी घो षणापत्रमा समावेश गरिएका विचारहरूको सार ांश तल उल्लेख गरिएको छ ।[3] यो नयाँ घोषणापत्र नागरिक, वकिल, नीति निर्माता र सामुदायिक अगुवाहरूका लागि नदीहरूको अधिकारलाई यर्थाथमा परिणत गर्न मार्गदर्शक गर्ने दस्तावेज हो ।

2 https://www.un.org/sustainabledevelopment/blog/2019/05/nature-decline-unprecedented-report/

3 https://www.internationalrivers.org/resources/reports-and-publications/rights-of-river-report/

## के नदीहरूको अधिकार एउटा नयाँ सोच हो ?

आदिवासी जनजाति र सबै प्रकारका आध्यात्मिक आस्थाका अन्य समुदाय लगायत विश्वभरिका मानिसहरूले लामो समयदेखि आफ्नो परम्परा, धर्म, रीतिरिवाज र कानूनद्वारा प्रकृति र विशेषगरी नदीहरू आफ्नै अधिकार भएका जीवित अस्तित्व हुन् भन्ने मान्यता राखेका छन् ।

नदीहरूको अधिकारलाई मान्यता दिनु भनेको हाम्रो वर्तमान कानूनी प्रणालीलाई लामो समयदेखि अभ्यास गरिएका आदिवासी कानूनहरूसँग जोड्ने तरिका हो । आदिवासी कानूनहरू आदिवासी संस्कृतिहरू जस्तै विविध छन्, तर पनि सबै ले मानव र नदीहरू एउटै पुर्खा र उत्पत्ति रहे को विस्तारित परिवारको हिस्सा हुन् भन्ने कुर ालाई स्वीकार गर्छन् । यस दृष्टिकोणले हामीलाई प्राकृतिक संसारमा आदर गर्दै जिम्मेवारीपूर्वक व्यवहार गर्न सिकाउँछ, जसरी हामीले हाम्रो आफ्नै आफन्तको रूपमा व्यवहार गर्ने अपेक्षा गरिन्छ ।

**‘नदीलाई हामी दाजु-बहिनी, बाबु-आमाजस्तै व्यवहार गर्छौं । तपाईंको र हाम्रो जस्तै यसका पनि अधिकारहरू छन्,... जब तपाईं बिरामी नदीसँग अन्तर क्रिया गर्नुहुन्छ, तपाईं आफैँलाई बिरामी महसुस गर्नुहुन्छ, किनकि त्यो नदी तपाईं हो, अनि तपाईं त्यो नदी हो ।”**

**जेराई अल्बर्ट,**
वाङ्गानुई जनजातिको सुशासन निकायका अध्यक्ष, न्यूजिल्याण्ड[4]

नदीहरूको अधिकारसम्बन्धी अभियान मानिस र नदीहरूबीच गहिरो सम्बन्ध रहेको छ भन्ने मान्यतामा आधारित छ । यसले हामी कसरी यो सम्बन्धलाई सम्मान गर्ने तरिकाले काम गर्न सक्छौं भन्ने सम्बन्धमा निर्देशिका बनाउँछ ।

4 https://www.nationalgeographic.com/culture/graphics/maori-river-in-new-zealand-is-a-legal-person



## हाम्रो वर्तमान कानूनी प्रणालीमा के नपुग छ ?

हामीसँग अहिले भएका सबै नियमहरू ठ्याक्कै तिनीहरूको उद्देश्य वा लक्षित प्रयोजनअनुसार प्रयोग गरियो भने पनि हाम्रा नदीहरू र हाम्रो ग्रहमा रहेका जीवन अझै पनि समस्यामा नै रहनेछन् । यो किन हो भने हाम्रो कानूनी प्रणाली मौलिक रूपमा त्रुटिपूर्ण छ । प्रकृति र मानव अन्तरसम्बन्धित छन् । तर हाम्रा कानूनहरू हामीले प्राकृतिक संसारका तत्वहरूलाई आफूले छनौट गरेअनुसार अलग बनाउन र नियन्त्रण गर्न सक्छौं भन्ने धारणामा आधारित छन् । हालको कानूनी प्रणाली अन्तर्गत नदीहरूलाई पूर्ण जीवित अस्तित्वको रूपमा ठानिँदैन, बरु तिनीहरूलाई पानी, नदी मार्ग, नदी किनारा, सहायक नदीहरू र जलग्रहण क्षेत्रहरू जस्ता भागहरूमा विभाजन गरिएको छ । यी प्रत्येक भागहरू निजी स्वामित्वमा राख्न र आर्थिक लाभको लागि शोषण गर्न सकिन्छ ।

प्रकृतिलाई उसको आफ्नो अधिकारहरू भएको जीवन दिने भण्डारको रूपमा लिनुको साटो मानव सम्पत्तिको रूपमा व्यवहार गर्दा यसको विनाश हुन पुगेको छ । यो विनाश संसारका धेरै भागहरूमा तबदेखि हुन थाल्यो जब बसोबास गने हरू आदिवासी भूमिमा बँसाइ सर्न थाले । त्यहाँ तिनीहरूले व्यक्तिगत स्वतन्त्रतामा आधारित नयाँ कानूनहरू ल्याए र यी कानूनले प्राकृतिक संसार प्रतिको हाम्रा सामूहिक जिम्मेवारीहरूलाई बेवास्ता गऱ्यो ।

नदीहरूको अधिकारले मानव र अन्य प्राकृतिक अस्तित्वहरू एउटै पारिस्थितिकीय प्रणालीका सदस्यहरू हुन् र सोहीअनुसार कानून अन्तर्गत समान संरक्षणको हकदार छन् भनी स्वीकार गर्दै यस समस्यालाई सम्बोधन गर्दछ ।[5] हाम्रा नदीहरूलाई हेर्ने यो नयाँ तरिकालाई अपनाउनाले हामीलाई हाम्रो मानवनिर्मित कानूनहरूभित्र पृथ्वीलाई काम गर्न बाध्य पार्ने प्रयास गर्नुको सट्टा पृथ्वीको प्राकृतिक नियमहरूसँग हाम्रो कानूनी प्रणालीलाई मिलाउन सहयोग गर्नेछ । यसले मानव र अन्य प्रजातिका वर्तमान एवम् भावी पुस्ताहरूका आधारभूत आवश्यकताहरू पूरा गर्न पर्याप्त सफा पानी र अन्य प्राकृतिक स्रोतहरू अस्तित्वमा छन् भनी सुनिश्चित गर्नेछ ।

## कानूनअन्तर्गत नदीहरूलाई कसरी अधिकार दिइन्छ ?

न्यायाधीशले नदीहरूलाई कानूनी व्यक्तिको हैसियत प्रदान गरेपछि नदीहरुले कानूनअन्तर्गत आफ्नो अधिकारप्राप्त गर्दछन् । पश्चिमी कानूनी विचारधार ाअनुसार हाम्रो प्राकृतिक वातावरणको हिस्सा रहे का जीवित प्राणीहरूको स्वतः अधिकार कायम हुँदै न । हाम्रो कानूनी प्रणालीअन्तर्गत अधिकारहरू प्राप्त गर्न कुनै पनि जीवित प्राणीलाई “कानूनी व्यक्ति” वा “कानूनी कर्ता ९कगदवभअत०” घोषित गरिनुपर्छ । नदीहरूलाई कानूनी व्यक्तिको हैसियत प्रदान गर्नु भनेको सबै नदीहरू अधिकार भएका जीवित निकायहरू हुन् भनी मान्यता दिनु हो जसलाई कानूनका अदालतले समर्थन र सदर गर्नुपर्छ ।

यसलाई अर्को तरिकाले भन्दा, हामीले नदीलाई कानूनअन्तर्गत कर्ता ९कगदवभअत० बनाउँदैछौं, कर्म ९यदवभअत० होइन । कर्मले अधिकार धारण गर्न सक्दैन, तर कानूनी कर्ताले अधिकार धारण गर्न सक्छ । ऐतिहासिकरूपमा एउटा मानव मात्र कानूनी कर्ता हुनसक्छ । तर प्रकृतिको अधिकार अभियानले यसलाई परिवर्तन गर्दैछ । नदीले कानूनी व्यक्तिको हैसियत पाइसकेपछि र यसलाई कानूनी अधिकार भएको कर्ताको रूपमा मान्यता दिइसके पछि त्यस नदीको अब कुन विशेष अधिकारहरू रहन्छ भन्ने कुरा अदालतले सोच्न थाल्छ ।

5 This idea is called bio-cultural rights

## नदीका के कस्तो अधिकार रहन्छ ?

नदीहरूको अधिकार सम्बन्धी अभियान सशक्त हुँदै जाँदा विश्वभरका वकिल, न्यायाधीश, नागरिक र उनीहरूका सरकारहरूले एकअर्काबाट सिक्दैछन् । धेरै देशहरूले नदीहरूको अधिकार को रक्षा गर्न कानूनहरू पारित गर्न थालेका छन् । यी अधिकारहरू विभिन्न सांस्कृतिक, आध्यात्मिक र कानूनी विचारहरूमा आधारित छन् तर सबैले समान आधारभूत अधिकारहरूको प्रत्यभूति गर्छन् ।

### बग्न पाउने अधिकार

बग्न पाउने अधिकारलाई मानिसको सास फेर्न पाउने अधिकारसँग तुलना गर्न सकिन्छ । यदि हामीले सास फेर्न पाएनौं भने हाम्रो जीवन प्रणाली बन्द हुन्छ । कुनै नदी जब बग्दछ, तब यसले स्वस्थ नदी जीवनको लागि आवश्यक पर्ने अक्सिजन लिन्छ । माछा, समुद्री वनस्पति, कस्तुरा माछा र अन्य धेरै प्रजातिहरू स्वस्थ नदी प्रणालीमा हुर्कन्छन् र बढ्छन् । नदीको बहाव सम्पूर्ण नदीको पारिस्थितिकीय प्रणालीको स्वास्थ्य कायम राख्न सक्नेगरी बलियो हुनुपर्छ । नदीहरूको पानीमा मानिसको होइन, नदी स्वयम्को आफूभित्र बग्ने पानीको स्वामित्व अधिकार हुनुपर्छ ।

### आफ्नै पारिस्थितिकीय प्रणालीभित्र आवश्यक पर्ने कार्यप्रणाली पूरा गर्न पाउने अधिकार

नदीले मौसमी बाढीमार्फत वरपरका क्षेत्रहरूमा पोषक तत्व ल्याउने र पर्याप्त जैविक तत्व भएका थेग्रो एकठाउँबाट अर्को ठाउँमा पुऱ्याएर जम्मा गर्ने महत्वपूर्ण काम गर्दछ । नदीहरूले हाम्रो भूमिगत पानीलाई पनि पुनर्भरण गर्छन् । त्यसैगरी, नदीहरूले स्थानीय वनस्पति र जीवजन्तुहरू बढ्न र फस्टाउनका लागि ठाउँहरू प्रदान गर्छन् । यो महत्वपूर्ण काम गर्न नदी स्वतन्त्र हुनुपर्छ ।

### प्रदूषणबाट मुक्त रहन पाउने अधिकार

खेती जमिन, कल कारखाना, खानी र सहरहरूबाट उत्सर्जन हुने रसायन, पोषक तत्व र भारी धातुहरूले हाम्रा नदीहरूलाई प्रदूषित गर्छन् । प्लास्टिकहरू हावाले उडाएर ल्याई नदीमा झारिदिन्छ वा आँधीबेहरीबाट परेको पानीले बगाएर ल्याउने ढल र ढल प्रणालीमार्फत नदीहरूमा आइपुग्छन् । यी प्रदूषकहरूले अल्गीलाई छिटो बढ्न सहयोग गर्छन् । जब अल्गी मर्छ र सड्छ, यसले नदीको अक्सिजन प्रयोग गर्दछ । पानीमा पर्याप्त अक्सिजन नहुँदा माछा र अन्य जीवजन्तुहरू निसास्सिन्छन् । जल प्रदूषणले सम्पूर्ण नदीको पारिस्थितिकीय प्रणाली ध्वस्त हुन सक्छ ।



### जलभूतलाई निषेचन गर्ने र दिगो जलभूतबाट निषेचित हुने

जलभृत (Aquifers) भनेको भूमिगत जललाई आफूमा समाहित वा भण्डार गरेर पाराग्ये चट्टान वा थेग्रो/तलछटको संरचना हो । भूमिगत पानी स्वतन्त्र रूपमा भूमिगत हुँदै सर्छ । भूमिगत पानी प्राकृतिक रूपमा वर्षा र हिमपात, खोला र नदीहरूबाट पुनर्भरण हुने अर्थात् भरिने गर्दछ । जब मानिसहरूले पिउन र सिँचाइको लागि अत्यधिक भूमिगत पानी निकाल्छन्, जलभृतहरू पतन हुने वा काम नलाग्ने हुन सक्छन् । तिनीहरूको पानी भण्डारण गर्ने र हाम्रा नदीहरूलाई निषेचन गर्ने क्षमतालाई सदाको लागि नष्ट हुन सक्छ ।

### रैथाने जैविक विविधताको अधिकार

रैथाने जैविक विविधता भनेको कुनै खास नदी बेसिनमा प्राकृतिक रूपमा पाइने प्रजातिहरूलाई जनाउँछ । स्थानीय बोटबिरुवा, माछा र जनावरहरू लाखौं वर्षदेखि नदीसँगै विकसित भएका छन् र त्यस खास वातावरणमा बस्नको लागि पूर्ण रूपमा अनुकूल छन् । मानिसले जब गैररैथाने माछाहरू नदीहरूमा पाल्छन् र जब गैररैथाने प्रजातिहरू जहाज चल्ने नहरबाट र विश्वव्यापी व्यापार मार्गहरू हुँदै नदीहरूमा प्रवेश गर्दछन्, तिनीहरूले रैथाने जैविक विविधतालाई हानि पुऱ्याउँछन् । यसले प्रकृतिको सन्तुलन बिगार्छ र रैथाने प्रजातिलाई खतरामा पार्छ ।

### पुनरुत्थान र पुनर्स्थापनाको अधिकार

हानि वा क्षति पुऱ्याइएको नदीको स्वास्थ्य पुनर्स्थापना गरिन पाउने अधिकार रहन्छ । एउटा नदीको प्राकृतिक बहाव र यसको थिग्रो/तलछटको स्वतन्त्र प्रवाह पुनर्स्थापित भएमा मात्रै यसले आफ्नो स्वास्थ्य पुन प्राप्तः गर्दछ । यसमा नदीको किनार र बाढी विचरण गर्न पाउने मैदानको प्राकृतिक अवस्थालाई पुनर्स्थापना गर्ने कुरासमेत पर्दछ । नदीको प्राकृतिक अवस्थाको पुनर्स्थापनाले नदी प्रणाली र त्यसमा निर्भर प्रजातिहरूलाई स्वस्थ र उत्थानशील बनाउँछ ।

## नदीको अधिकार कहाँसम्म रहन्छ ?

नदीको अधिकारमा यसको सम्पूर्ण प्रणाली समावेश हुन्छ । यस प्रणालीमा नदीलाई सेचन गर्ने हिमनदीहरूदेखि लिएर यसको मूलप्रवाह क्षेत्र, सहायक नदी र खोलाहरूसम्म रहन्छन् । यो अधिकार वरपरका नदी जलग्रहण/जलनिषेचन क्षेत्र, जलाधार, बाढी मैदान, बेसिन र सिमसार क्षेत्रहरूमा फैलन्छ । यसले नदी प्रणालीभित्र बस्ने सबै प्रजाति जस्तै वनस्पति, माछा र कस्तुरा माछा सबैलाई समेट्छ । विश्वका धेरैजसो ठूला नदीहरू धेरै देशहरू भएर बग्ने भएकाले नदीको अधिकार सुरक्षित गर्न यी नदीसँग सम्बन्धित सबै सरकारहरूको सहयोग आवश्यक छ ।



## आफ्नो नदीहरूको अधिकार सुरक्षित गर्न समुदायहरूले के कस्ता उपाय अपनाइरहेका छन् ?

समुदायहरूले आफ्ना नदीहरूको अधिकारको रक्षा गर्न विभिन्न तरिकाहरू अपनाइरहेका छन् । कतिपय अवस्थामा, प्रकृतिका अधिकारहरू आदिवासी कानून र सन्धि अधिकारहरूमा आधारित हुन्छन् । यसअन्तर्गत परम्परागत (प्रथागत) कानूनहरू रहनसक्छन्, अर्थात् कानूनी प्रणाली र दायित्वहरू औपचारिक लिखित कानूनहरूबाट उत्पन्न नभएर लामो समयदेखि चल्दै आएका र समयसँगै अघि बढ्ने अभ्यासबाट उत्पन्न भएका छन् ।

अन्य स्थानहरूमा, नागरिकहरूले आफ्नो देशको संविधानले प्रत्याभूति गरिएका संवैधानिक अधिकारभित्र प्रकृतिको अधिकारलाई राख्न सफल भएका छन् । प्रकृतिका अधिकारहरूलाई राष्ट्रिय कानूनहरूमा पनि लेख्न सकिन्छ । यसलाई राष्ट्रपतिको अध्यादेश वा प्रधानमन्त्रीको कार्यकारी आदेशहरूको रूपमा सोझै पारित पनि गर्न सकिन्छ । राष्ट्रिय सरकारले आवश्यक कदमहरू चाल्न असफल भएको अवस्थामा वा त्यस्तो अवस्थाको कल्पना गर्दै नागरिकहरूले स्थानीय कानून वा अध्यादेशमार्फत् आफ्ना नदीहरूका लागि कानूनी संरक्षण सुनिश्चित गर्न पैरवी गरेका छन् । यसमा नदीहरूको अधिकार उल्लङ्घन भएका मुद्दाहरूको छानबिन गरी सम्बोधन गर्न विशेष स्वतन्त्र प्राधिकरण, न्यायाधिकरण वा परिषद स्थापना गर्ने कुरा हुन्छन् । यी विशेष निकायहरूले नदी संरक्षणका लागि मापदण्डहरू तोक्न र यसमा संलग्न सबैलाई जवाफदेही बनाउने कुरा सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्छन् ।

### कानूनी संरक्षक

यदि कुनै नदीको अधिकार उल्लङ्घन भएको छ भने त्यो नदी बहने देश वा देशहरूको कानूनी प्रणालीमार्फत् न्यायमा पहुँच पाउने अधिकार रहन्छ । नदीले न्यायधीससामु कसरी आफूलाई हानि पुगेको छ भन्ने कुरा देखाउँछ त ? यसका लागि अदालतमा नदीहरूको प्रतिनिधित्व गर्ने कानूनी संरक्षक नियुक्त गरिएको हुन्छ ।

नदीको संरक्षकहरू भनेका नदीमा परम्परागत रूपमा निर्भर रहने आदिवासी जनजाति र सो नदीको उपभोक्ताहरू हुन् । कानूनी संरक्षकमा आदिवासी र गैर-आदिवासी वैज्ञानिक, वकिल, सांसद र विशेषज्ञता भएका अन्य मानिसहरू समेत रहन सक्छन् । नदी संरक्षकको काम भनेको नदीको सर्वोत्कृष्ट हितमा काम गर्नु हो, नदीको तर्फबाट बोल्दै यसको अधिकार पूर्ण रूपमा स्वीकार गरिएको सुनिश्चित गर्नु गराउनु हो । नदी संरक्षकहरूले नदीको वातावरणीय, सामाजिक, सांस्कृतिक, र आर्थिक स्वास्थ्य र तन्दुरुस्तीको प्रवर्द्धन तथा संरक्षण गर्न र नागरिक एवम् नदी दुवैको हितका लागि कार्य गरिएको छ भन्ने सुनिश्चित गर्नका लागि आफ्ना सरकारहरूसँग मिलेर काम गर्छन् ।[6]

6 https://www.tandfonline.com/doi/full/10.1080/02508060.2019.1643525

**अबदेखि नदीको सबैभन्दा नजिकका मानिसहरू भनेको त्यसलाई निगरानी गर्ने, त्यसलाई हेर्नेहरू हुनेछन् । इकुअनित्सितका इनुहरू सधैं नितासिनान (पुख्यौली भूक्षेत्र) को संरक्षक रहँदै आएका छन् र मुटेशेकाउ-शिपु नदीको अधिकारको मान्यता र स्वीकृतिसँगै यो कार्य जारी रहनेछन् ।**

**जीन-चार्ल्स पिएटाचो,**
प्रमुख, इन्नु काउन्सिल अफ इक्वानित्सिट, क्युबेक, क्यानडा[7]

## मानव अधिकारसम्बन्धी कानून

कतिपय देशहरूमा प्रकृतिका अधिकारलाई अन्तर्राष्ट्रिय मानवअधिकार ढाँचामा समावेश गरी सुरक्षित गरिएको छ । यो एउटा स्वाभाविक (प्राकृतिक) कदम हो, किनकि अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले पहिले नै स्वस्थ वातावरणको अधिकार र आदिवासी जनजातिको अधिकारलाई समेटेको छ, र यी भनेको प्रकृतिको अधिकार अभियानका दुई महत्वपूर्ण अवधारणाहरू हुन् । मानव अधिकार कानूनमा प्रकृतिका अधिकारहरू समावेशले वातावरणीय मानव अधिकार र जैविक सांस्कृतिक अधिकार जस्ता महत्वपूर्ण नयाँ कानूनी अवधारणाहरूको विकास गराएको छ, जसले मानव र अन्य प्राकृतिक निकायहरू एउटै पारिस्थितिकीय प्रणालीका सदस्यहरू हुन् भनी स्वीकार गर्छ, र सोहीअनुसार कानून अन्तर्गत समान संरक्षणको हकदार छन् ।



## रणनीतिक कानूनी प्रक्रिया

धेरै समुदायहरूले नदीहरूको संरक्षण गर्न नयाँ तरिकाले कानून लागू गर्न रणनीतिक कानूनी प्रक्रिया प्रयोग गर्दैछन् । कानूनी प्रक्रिया भनेको कानूनी कारबाही गर्ने प्रक्रियालाई बुझाउँछ, र रणनीतिक भनेको नदीहरूको कानूनी अधिकार सुरक्षित गर्नेजस्ता विशेष एवम् दीर्घकालीन उद्देश्य पूरा गर्नका लागि यस्ता कानूनी प्रक्रियाको सावधानीपूर्वक योजना बनाउनु भन्ने अर्थ राख्दछ । रणनीतिक कानूनी प्रक्रिया कुनै एउटा विशेष मुद्दाको दायराभित्र सीमित हुँदैन । यो समाज र त्यसको कानूनी प्रणालीमा व्यापक परिवर्तन ल्याउन लक्षित रहन्छ । रणनीतिक कानूनी प्रक्रियामार्फत् मानिसहरूले आफ्नो कानूनी प्रणालीको उपयोग गर्दै अन्यायलाई सम्बोधन गर्न र कानूनमा रहेका कमीकमजोरीहरूलाई प्रकाशमा ल्याउन सक्छन् । यसको लक्ष्य भनेको प्रकृतिको अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्नका लागि कानून, नीति र अभ्यासहरू परिवर्तन ल्याउनु हो । रणनीतिक कानूनी प्रक्रिया भनेको अन्याय विरुद्ध जनचेतना जगाउनेबारे पनि हो । सम्बन्धित मुद्दाको बारेमा विकास गरिने शैक्षिक सामग्रीले अन्य नागरिकहरूलाई यसको महत्व बुझाउन सहयोग गर्दछ र नदीहरूको अधिकारको महत्वको बारेमा छलफललाई प्रोत्साहित गर्दछ । यसरी, रणनीतिक कानूनी प्रक्रियाले दिगो राजनीतिक र सामाजिक परिवर्तन ल्याउन सक्छ ।

यद्यपि यीमध्ये केही तरिकाहरू गैरबाध्यकारी हुन सक्छन्, अर्थात् तिनीहरू कानूनद्वारा लागू गर्न नसकिने हुन सक्छन्, तर पनि तिनीहरू अझै पनि सामाजिक मूल्यमान्यता परिवर्तन गर्न र अभियानहरूलाई सुरु गर्न र सशक्त बनाउन प्रभावकारी हुन सक्छन् । संसारभरका मानिसहरूले नदीहरूको अधिकारको रक्षाको लागि परिवर्तन ल्याउन संगठित भइरहेका छन् र कदमहरू चालिरहेका छन्, उनीहरूले यस विश्वव्यापी अभियानबाट सिकिरहेका छन् र नयाँ दृष्टिकोणहरू पनि साटासाट गरिरहेका छन् । यी अधिकारहरूको पहिचान र घोषणाले नैतिक र राजनीतिक दुवै शक्तिको माध्यमबाट सामाजिक र सांस्कृतिक मूल्यहरू परिवर्तन गर्न मद्दत गरिरहेको छ ।

7 https://cpaws.org/for-the-first-time-a-river-is-granted-official-rights-and-legal-personhood-in-canada/

# कुन कुन देशहरूले नदीको अधिकार दिएका छन् ?

विश्वभर धेरैभन्दा धेरै नागरिकहरूले आफ्ना सरकारहरूसँग मिलेर नदीहरूको अधिकार लाई मान्यता दिई ती अधिकारहरू लागू गरेर नदीहरूको विनाश रोक्न काम गरिरहेका छन् । यसलाई विभिन्न तरिकाबाट पूरा गरिएको छ । यसमा कानूनी मुद्दा, वार्ता वा सौदाबाजी, राष्ट्रिय संविधानहरूमा प्रकृतिको अधिकारको अनुकूलन, र आदिवासी सम्बन्धी उपनियमहरूमा नदीहरूको अधिकार समावेश लगायतका रहेका छन् । यहाँ यस प्रक्रियालाई प्रकाश पार्ने केही कथाहरू छन् ।

## कोलम्बिया

कोलम्बियामा सन् २०१६ को संवैधानिक अदालतको फैसलाले शताब्दीयौँदेखिको[8] उत्खननबाट अट्राटो नदीमा भएको भारी प्रदूषणले यसमा निर्भर धेरै आदिवासी र अफ्रोअमेरिकी समुदायहरूको अधिकारको उल्लङ्घन मात्र गरेको छैन, यसले नदीको अधिकारको पनि उल्लङ्घन गरेको स्वीकार गऱ्यो । अदालतले यी समुदायका अगुवाहरूलाई मान्यता दिँदै नदी संरक्षकको रूपमा नियुक्त गऱ्यो । यस मुद्दाका न्यायाधीशले नदीको अधिकार र त्यसमा आश्रित जनताको अधिकार बीचको सम्बन्धलाई जोड दिन 'जैविक सांस्कृतिक अधिकार' भन्ने नयाँ शब्द प्रयोग गरेका छन् । यस नयाँ र महत्वपूर्ण निर्णयले कोलम्बियाभरि समान प्रकारका कानूनहरू अपनाइने बाटो खोलेको छ ।



8 http://files.harmonywithnatureun.org/uploads/upload838.pdf

## उत्तरी अमेरिका

सन् २०२० मा, Nez Perce Tribe General Council ले स्नेक नदीलाई एउटा जिवित अस्तित्वको रूपमा मान्यता दिँदै यसको अस्तित्वमा रहने, फस्टाउने, विकास हुने, बहने र पुनरुत्थान हुने र पुनर्स्थापन हुने लगायतका अधिकार रहेको स्वीकार गऱ्यो । स्नेक नदी र यसले भरणपोषण गर्ने सबै प्रजातिहरू, विशेषगरी साल्मन माछा लामो समयदेखि नेज पर्से आदिवासीहरूको कथा, किंवदन्ती, समारोह र पहिचानको केन्द्रबिन्दु र हुँदै आएका छन् । स्नेक नदीमा पहिले करोडौंको सङ्ख्यामा साल्मन माछा फस्टाएको भए पनि अहिले जल प्रदूषण, पानी डाइभर्सन आयोजना र बाँधहरूले तिनीहरूको अस्तित्वलाई खतरामा पारेको छ । साल्मन माछामा आएको गिरावटले चील र भालुदेखि अर्कास र मानव जीवनसम्मका सम्पूर्ण जीवन सञ्जाललाई असर गरेको छ । नदीको अधिकारलाई मान्यता दिएर नेज पर्से जनजातिले स्नेक नदी जीवित नदी हो भन्ने पुरातनदेखिको विश्वासलाई पुनजागृत गर्दै आफ्नो कानूनी प्रणालीलाई समायोजन गर्दैछ । यसको उद्देश्य भनेको स्वस्थ स्नेक नदी र जीवन सँगसँगै फस्टाउनेछन् र मौलाउनेछन् भन्ने सुनिश्चित गर्नु हो ।[9]

## न्यूजिल्याण्ड

न्युजिल्याण्डमा आदिवासी माओरी मानिसहरूले पवित्र वाङ्गानुई नदीलाई एउटा कानूनी व्यक्तिको मान्यता दिलाउन सफल भए । एक शताब्दी भन्दा बढी समयसम्म माओरीहरूले न्युजिल्याण्डको औपनिवेशिक सरकारलाई नदीमा यसको नकारात्मक प्रभावहरू कम गर्न दबाब दिएका थिए । नदीलाई कानूनी व्यक्तिको हैसियत प्रदान गर्ने क्रममा अदालतले माओरी आदिवासीले आफ्नो नदीप्रति राखेको "पहाडदेखि समुद्रसम्मको अविभाज्य र सम्पूर्णतामा जीवित वाङ्गानुई नदी र यसका सबै भौतिक एवम् आध्यात्मिक तत्वहरू समावेश गरी" भन्ने सोचलाई मान्यता दियो ।[10] वाङ्गानुई नदीलाई अब यस नदी भित्रका जीवन र नदीमा आश्रित समुदायहरूको स्वास्थ्य एवम् समग्र हितको भरणपोषण गर्ने एक आध्यात्मिक र भौतिक अस्तित्वको रूपमा स्वीकार्ने कानूनी संरक्षकहरूद्वारा प्रतिनिधित्व गरिएको छ ।

## दक्षिण एसिया

भारतमा, उत्तराखण्डको उच्च अदालतले गङ्गा र यमुना नदीहरूको कानूनी व्यक्तिको हैसियत र तिनीहरूले "अनादिकालदेखि हामी सबैलाई प्रदान गर्दै आएको शारीरिक र आध्यात्मिक पोषण"लाई मान्यता दियो । फैसलाले नदीहरू वैज्ञानिक र

9 http://files.harmonywithnatureun.org/uploads/upload980.pdf

10 https://www.thethirdpole.net/en/climate/opinion-time-to-recognise-and-respect-rivers-legal-rights/



जैविक रूपमा जीवित प्राणीहरू हुन् जसको प्रदूषित नगरिने अधिकार रहेको उल्लेख गरेको छ । तिनीहरूसँग आफ्नो महत्वपूर्ण पारिस्थितिकीय प्रणालीलाई अस्तित्वमा राख्ने, निरन्तरता दिने, सम्बर्द्धन गर्ने, दिगो बनाउने र पुनरुत्थान गर्ने गराउने अधिकार छ । अदालतले नदीलाई प्रदूषित र नोक्सान गर्नु भनेको कानूनी रूपमा व्यक्तिलाई चोट पुर्‍याउनु सरह भएको बताएको छ ।[11] पछि भारतको सर्वोच्च अदालतले यो फैसलालाई खारेज गरे पनि नदीहरूको अधिकारलाई कानूनी सुरक्षा दिने यो एउटा महत्वपूर्ण सुरुवात थियो ।

सन् २०१९ मा बंगलादेशको सर्वोच्च अदालतले देशका सबै नदीहरूको कानूनी व्यक्तिहरू सरह जीवित अस्तित्व रहेको घोषणा गर्ने निर्णयलाई सदर गर्‍यो । अदालतले "पानी पक्कै पनि अको शताब्दीको सबैभन्दा महत्वपूर्ण वातावरणीय कर्ता हो," र "जुनसुकै मूल्यमा" जलमार्गहरूको संरक्षण गरिनुपर्ने भनी घोषणा गर्‍यो ।[12] यस निर्णयले नदीहरूलाई निजी र सार्वजनिक (सरकारी) दुवै निकायबाट हुने हानिबाट जोगाउँछ । अदालतले राष्ट्रिय नदी संरक्षण आयोग (NRCC) नामक नयाँ सरकारी निकायलाई देशका नदीहरूको कानूनी संरक्षकको रूपमा नियुक्त गरेको छ । बंगलादेश विश्वको सबैभन्दा ठूलो डेल्टा अर्थात् नदी मुखभूमि भएको देश हो र यो देश भएर ५७ नदीहरू बग्दछ । यस कानूनको लक्ष्य भनेको ठूलो सङ्ख्यामा निकै प्रदूषित भइसकेका यी सबै नदीहरूलाई संरक्षण गर्नु हो ताकि बंगलादेशी जनताले खानेपानी, माछा मार्ने र कृषि प्रयोजनका लागि यी नदीहरूमा भर पर्न सकून् ।

11 Lalit Miglani v State of Uttarakhand and Others 2017

12 https://www.initiativesrivers.org/actualites/rights-for-all-the-rivers-and-watercourses-of-bangladesh/

## सरकारको कर्तव्य के रहन्छ ?

सरकारले नदीको अधिकारलाई मान्यता दिएपछि ती अधिकारहरू लागू र सम्मान गरिएको सुनिश्चित गर्नका लागि सरकारले चाल्नुपर्ने आवश्यक ठोस कदमहरू नदीहरूको अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रले प्रस्तुत गर्दछ । पहिलो कदमको रूपमा, सरकारले कोष उपलब्ध गराउनुपर्छ र नदीमा भएको क्षतिको मूल्याङ्कन गर्न जनशक्ति नियुक्त गर्नुपर्छ । नदीको स्वास्थ्य पुनर्स्थापन गर्नका लागि के गर्नुपर्छ भन्ने कुरा स्पष्ट भइसकेपछि त्यो काम जतिसक्दो चाँडो सुरु गर्नुपर्छ । यसमा प्रदूषण सफा गर्ने, नदीको प्रवाहलाई अवरुद्ध गर्ने बाँध र अन्य डाइभर्सनहरू हटाएर पुनः स्वतन्त्र रूपमा बग्न दिनु लगायतका कार्यहरू समेटिएको हुन सक्छ । यसको अर्थ नदीको जलग्रहण क्षेत्रहरू पुनर्स्थापन गरी पानी र गाद (सिल्ट) फेरि प्राकृतिक रूपमा नदीमा बग्न सहयोग गर्ने पनि हुन्छ ।

यो सबै काम सरकारले नदी संरक्षक र नदीमा आश्रित आदिवासी जनजाति एवम् समुदायका सदस्यहरूलाई सहभागी गराई सहकार्यमूलक तरिकाले गर्नुपर्छ । पानीलाई मोड्ने वा नदीको बहाबलाई परिवर्तन गर्ने नयाँ बाँध वा अन्य आयोजनाहरू अरू विकल्पहरू नभेटिएमा मात्र

निर्माण गर्नुपर्छ। यदि आयोजना अनिवार्य छ भने तिनीहरूले नदीको स्वास्थ्य जोगाउन उपलब्ध उत्तम प्रविधिको प्रयोग गर्नुपर्छ। दीर्घकालीन रूपमा, सरकारले नदीहरूको प्राकृतिक प्रवाहलाई परिवर्तन नगरी देशको आवश्यकताहरू पूरा गने उपायहरू खोज्न नागरिक र विज्ञहरूसँग मिलेर काम गर्नुपर्छ।

सरकारहरूले राम्रो काम गर्नका लागि नदीहरूको अधिकारको बारेमा न्यायाधीशहरूको निर्णय स्पष्ट हुनुपर्छ। नदीहरूको अधिकार सुरक्षित गर्ने क्रममा सरकारले ती नदीहरूमा निर्भर समुदायहरूको अधिकारको पनि सम्मान गर्नुपर्दछ र समुदायका सदस्यहरूलाई उनीहरूको नदीसँग सम्बन्धित निर्णयहरूमा भाग लिने अवसर दिनुपर्दछ। विभिन्न देश भएर बग्ने नदीहरूको हकमा ती देशका सरकारहरूले नदीको संरक्षण गर्न र नदीको अधिकार हनन गर्नेलाई कारबाही गर्न मिलेर काम गर्ने नयाँ तरिकाहरू खोज्नुपर्छ। यो चुनौतीपूर्ण हुनेछ, विशेषगरी ती देशहरूको लागि जुनसँग मिलेर काम गर्ने सम्बन्धी राम्रो इतिहास छैन।

अर्को ठूलो चुनौती भनेको संसारको आर्थिक प्रणाली अझै पनि नदीको शोषण गर्नेहरूलाई पुरस्कृत गर्न बनाइएको छ। हाम्रो कानूनी प्रणालीमा सुधार गर्नुका साथै हामीले हाम्रो आर्थिक प्रणालीमा पनि पुनर्विचार गर्नुपर्नेछ। हामीले स्वस्थ र उत्थानशील नदी कायम गर्न योगदान गर्ने व्यक्तिहरूलाई पुरस्कृत गर्ने किसिमले हाम्रो आर्थिक प्रणालीलाई परिवर्तन गर्नुपर्दछ। यो कार्य गर्नका लागि हामीले यी मुद्दाहरूको बारेमा अझ राम्रो बुझाइ निर्माण गर्न र समाधानहरू खोज्ने कार्यमा संगठित हुन एउटा विश्वव्यापी समुदायको रूपमा सँगै काम गर्नुपर्नेछ।

## नदीहरूको अधिकारसम्बन्धी अभियानलाई सहयोग गर्न मैले के गर्न सक्छु ?

विश्वभरका समुदायहरू नदीहरूको अधिकार सम्बन्धी अभियानको हिस्सा बन्न र आफ्ना नदीहरूको लागि कानूनी अधिकार सुरक्षित गर्न सँगै काम गरिरहेका छन्। तपाईं यो नक्सामा क्लिक ९ुबउ० गरेर तिनीहरूको प्रगतिलाई पछ्याउन सक्नुहुन्छ। यी प्रत्येक अभियानहरू तपाईंजस्तै नागरिकहरूको समूहद्वारा सुरु गरिएको थियो जो आफ्ना नदीहरूसँग सम्बन्धित चिन्ताहरू छलफल गर्न भेला भएका थिए। तिनीहरूले पहिले आफ्नै समुदायहरू भित्र र त्यसपछि आफ्नो देशहरूमा नदीहरूमा भइरहेका हानिहरू र ती नदीको कानूनी अधिकारहरू सुरक्षित गरेर संरक्षण गर्ने सम्भाव्यताको बारेमा चेतना जगाउन थाले। उनीहरूले वकिल, राजनीतिज्ञ, वैज्ञानिक र अन्य विशेषज्ञहरूसँग जोडिए र आफ्ना मुद्दाहरू अदालतमा ल्याउन आवश्यक प्रमाणहरू जुटाउने विषयमा कुराकानी गरे। सँगसँगै, उनीहरूले पत्रकार, कलाकार, र सार्वजनिक व्यक्तित्वहरूसँग पनि मिलेर काम गर्दै आफ्नो समाजमा नदीहरूको अधिकार सम्बन्धी अभियानले प्रस्ताव गरेका समाधानहरूको बारेमा जनचेतना जगाउने र चनात्मक तरिकाहरूको खोजी गरे।

नदीहरूको अधिकार सुरक्षित गर्ने अभियान सञ्चालन गर्ने क्रममा नदीहरूको अधिकार सम्बन्धी अभियान आदिवासी अधिकारसम्बन्धी अभियान हो भन्ने कुरा याद राख्नु महत्वपूर्ण छ। आदिवासी जनजाति र नदी उपभोक्ताहरूले नदीहरूसँग सम्बन्धित परम्परागत ज्ञान तथा भाषा र ती नदीमा आश्रित जीवनलाई पुनर्स्थापित गर्न अग्रजहरूसँग काम गरिरहेका छन्। यो ज्ञानको आदानप्रदान र सदुपयोग गर्न मानिसहरूलाई संगठित गर्ने कार्यक्रमहरू आयोजना गरी समझदारी निर्माण गर्दै कानूनी समाधानहरू प्रवर्द्धन गर्नु नदीहरूको अधिकार सम्बन्धी अभियानको एउटा महत्वपूर्ण हिस्सा हो। परम्परागत नदी उपभोक्ता वा आदिवासी नरहेका, तर नदीहरूलाई समानरूपमा माया गर्ने मानिसहरूले आदिवासी र नदी उपभोक्ताहरूले के कस्तो पहल गरिरहेका छन् भनी खोज्न र ती प्रयासहरूमा आफूले कसरी सहयोग गर्ने भनेर सोध्न सक्छन्।

यदि तपाईं आफ्नो समुदायमा नदीहरूको अधिकारको बारेमा बुझाइको विकास गर्न चाहनुहुन्छ भने तपाईंले आवश्यक सहयोग र जानकारीको लागि इन्टरनेशनल रिभर्स (International Rivers) वा अर्थ ल सेन्टर (Earth Law Center) सँग सम्पर्क गर्न सक्नुहुन्छ। तपाईं संसारको जुनसुकै ठाउँमा भए पनि हामी तपाईंलाई नदीहरूको अधिकारसम्बन्धी घोषणापत्रलाई तपाईंको विशेष कानूनी र सांस्कृतिक प्रणाली अनुरूप समायोजन गर्न मद्दत गर्छौं।

तपाईंले यस लिङ्कमा (link) गएर नदीहरूको अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रमा हस्ताक्षर गरेर विश्वका नदीहरूलाई संरक्षण गर्ने अन्तर्राष्ट्रिय अभियानमा पनि सामेल हुन सक्नुहुन्छ। तपाईंले एकल रूपमा हस्ताक्षर गर्न सक्नुहुन्छ वा सामूहिक हस्ताक्षरका लागि आफ्नो समुदायका मानिसहरूसँग कुरा गर्न सक्नुहुन्छ। यसो गरेर, आफ्नो स्थानीय, राज्य र राष्ट्रिय सरकारहरूलाई आफ्नो देशको कानून अन्तर्गत घोषणापत्रको अनुमोदन गरी नदीहरूको अधिकारको रक्षा गर्न आग्रह गर्ने विश्वभरका नागरिक, सामुदायिक समूह र संगठनहरूको ठूलो हिस्सामा तपाईं पनि सामेल हुनुहुनेछ। अन्ततमा, संयुक्त राष्ट्र संघले पनि घोषणापत्रमा हस्ताक्षर गर्नेछ र यसलाई विश्वव्यापी रूपमा अपनाइनेछ भन्ने हाम्रो अपेक्षा रहेको छ।

कानून तपाईं र म जस्ता मानिसहरूले लेखेका थिए, त्यसैले पृथ्वीलाई कानूनको केन्द्रमा राख्नका लागि आवश्यक परिवर्तनहरू गर्नबाट हामीलाई रोक्ने कुनै कुरा छैन। हामीले संसारका दर्जनौं देशहरूसँग पहिले नै काम गर्न थालिसकेका छौं र विश्वका प्रत्येक नदीले आफ्नो पूर्ण अधिकार प्राप्त नगरेसम्म यो काम जारी राख्नेछौं।

**“हामी नदीको स्वामित्वमा छौं। हामी नदीको मालिक होइनौं। नदी हाम्रो मालिक हो।”**

**जीन-चार्ल्स पिएटाचो,**
वाङ्गानुई जनजातिको सुशासन निकायका अध्यक्ष, न्यूजिल्याण्ड[13]

### Resources

The Rights of Rivers Report: https://www .internationalrivers .org/resources/reports-and-publications/rights-of-river-report/

Rights of Rivers: Stories of Sovereignty and Guardianship in the Fight to Giver Rivers Legal Rights: https://www .youtube .com/watch?v=EsluKgJRiUo

Rights of Nature Law and Policy: http://www .harmonywithnatureun .org/rightsOfNature/

New Zealand's Whanganui River is a Legal Person . How will it Use its Voice? https://www .nationalgeographic .com/culture/graphics/maori-river-in-new-zealand-is-a-legal-person

13 https://www.nationalgeographic.com/culture/graphics/maori-river-in-new-zealand-is-a-legal-person

Sweden
Sverige

TROSA
TRANS-BOUNDARY
RIVERS OF SOUTH ASIA

OXFAM

INTERNATIONAL
RIVERS
PEOPLE · WATER · LIFE